# शान्तिनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### जुम्लेकुला, दाङ
### लुम्बिनी प्रदेश, नेपाल

प.स. २०८३/०८४
च.नं.

शान्तिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुम्लेकुला, दाङ

**५० प्रतिशत मूल्य अनुदानमा प्लाष्टिक टनेल माग गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८३/०५/२२ गते**

शान्तिनगर गाउँपालिका, कृषि विकास शाखा, दाङको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत बेमौसमी तरकारी खेती प्रविधि तथा सामग्री हस्तान्तरण कार्यक्रम सञ्चालन गर्न देहायबमोजिम ५० प्रतिशत मूल्य अनुदानमा प्लास्टिक टनेल उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक/ कृषक समूह/कृषि सहकारी / निजी फर्म तथा कम्पनीहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र अर्थात् २०८३/०६/११ गतेभित्र देहायमा उल्लिखित आवश्यक कागजातहरू संलग्न गरी सम्बन्धित वडा कार्यालय वा कृषि विकास शाखा, शान्तिनगर गाउँपालिका, दाङमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको समयभित्र आवेदन पेश नगर्ने वा आवश्यक कागजात पूरा नभएका आवेदकहरूलाई कार्यक्रममा समावेश गरिने छैन। <u>तपसिल</u>

| कार्यक्रमको नाम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|
| वेमौसमी तरकारी खेती सम्बन्धी प्रविधि तथा सामग्री हस्तान्तरण कार्यक्रम | ९० GSM को ६*१२ को सिल्पाउलिन प्लाष्टिक खरिद वितरण | प्रति अनुदानग्राहि १ वटा टनेल उपलब्ध गराइने । | कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्म तथा कम्पनी | ५० प्रतिशत |

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

१. प्रस्तावको सक्कल निवेदन
२. समूह/सहकारी/निजी कृषि फर्म/कम्पनीहरुले नियमानुसार दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
३. स्थायी लेखा नम्बर प्रमाण पत्र र आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
५. समूह/सहकारीको हकमा अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि
६. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि

धन बहादुर वली
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

१.श्री सूचना प्रविधि शाखा – सूचना Facebook र website मा राखिदिनुहुन तथा वडा कार्यालयलाई जानकारी दिनुहुन।

Scanned with CamScanner

# निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू  मितिः

.................. शान्तिनगर गाउँपालिका

दाङ्ग, लुम्विनि प्रदेश नेपाल ।

विषयः ........................................ कार्यक्रम सहभागी हुन प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत् विषयमा तँहा कार्यालयबाट मिति ...................................... मा प्रकाशित गरिएको सूचना अनुसार ............................................................ कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा रहि कार्यक्रम संचालन गर्न निम्न बमोजिमका कागजातहरु यसै पत्र साथ संलग्न गरी यो प्रस्ताव पेश गरेका छौ /छु ।

| क स | माग गरेको सामग्रीको नाम | इकाइ | परिमाण |
|---|---|---|---|
| | | | |
| | | | |

संलग्न कागजातहरु:

१. प्रस्तावकको निवेदन

२. समूह/सहकारी/निजी कृषी फर्म/कम्पनीहरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी र गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी

३. प्रस्तावकना पेश गर्नेको नागरिकताको प्रतिलिपी

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

माथि उल्लेखित विवरण तथा कागतपत्रहरु सहि सत्य छन्। विगत दुई वर्षदेखि प्रतिफलमा आधारित प्रोत्साहन अनुदान बाहेक यसै प्रकृतिको कामका लागि अनुदान लिएको छैन।

निवेदक

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क न.:

संस्थाको छाप

Scanned with CamScanner